**श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**लमही नगरपालिका वडा नं.,९, दाङ्ग**
**बोलपत्रद्धारा काठ/दाउरा लिलाम बिक्री सम्बन्धीको विस्तृत सूचना**

**पहिलो पटक सूचना प्रकाशन मितिः- २०८३/०४/२९**

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८२/०८३ मा नियमानुसार संकलन गरी समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलामा बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकिशत गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमती प्राप्त गरी संचालनमा रहेका सःमील, उद्यमी/काष्ठको कारोवार गर्ने डिभिजन वन कार्यालयमा सूचिकृत फर्महरुले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी कार्यालय समयमा यस समूहको कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपिसल</u>

**१. लिलाम सम्बन्धि वन पैदावारको विवरण**

| लट नं. | प्रजाती | थान | ग्रेड | क्यू.फि. | प्रति ईकाई दर | न्यूनतम जम्मा मूल्य रु. | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खयर | ७०४ | - | ५७१.४२ | १०००/- | ५७१४२०/- | काठको प्रति क्यू.फि. रु.१८०/- र दाउराको प्रति चट्टा रु.१५०००/- संकलन खर्च वापत छुटै जम्मा गर्नुपर्ने छ । |
| | असना | २१ | ए | ४४६.५३ | ४००/- | १७८६१२/- | |
| | असना | ३१ | बि | ३६६.४६ | ३००/- | १०९९३८/- | |
| | असना | ३५ | सि | १८२.३२ | १००/- | १८२३२/- | |
| | धौटी | १५५ | - | ८०८.८८ | १००/- | ८०८८८/- | |
| | कर्मा | ३ | ए | ३८.७७ | ४००/- | १५५०८/- | |
| | कर्मा | ६ | बि | ६५.९५ | ३००/- | १९७८५/- | |
| | कर्मा | १८ | सि | ११८.८९ | १००/- | ११८८९/- | |
| | दबदबे | १ | - | ६.७२ | १००/- | ६७२/- | |
| | बोटधाईरो | १ | - | १.७० | १००/- | १७७/- | |
| | बर्रो | १७ | - | १०१.५३ | १००/- | १०१५३/- | |
| | टिकै | ३ | - | ८.२२ | १००/- | ८२२/- | |
| | साल दाउरा चट्टा | | - | २.७५चट्टा | १२०००/- | ३३०००/- | |
| | मिश्रित दाउरा चट्टा | | - | १९.७५ चट्टा | ४०००/- | ७९०००/- | |
| | **जम्मा** | | | | | ११३००८९/- | |

२. बोलपत्र खरिद कार्य डिभिजन वन कार्यालय दाङ्ग(देउखुरी) र यस समूहको कार्यालयबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रति बोलपत्र फारम रु. २०००/- यस समूहको कृषि विकास बैंक लमही शाखा दाङ्गमा रहेको यस समूहको खाता नं. ०९-१९०-०५६६५७६६-०१-० मा दाखिला गरेको बैंक भौचर वा यस समूहमा रकम तिरेको नगदी रसिद निवेदन/पत्र तथा उद्यम सम्वन्धि आवश्यक कागजात संलग्न गरी कार्यालय समय भित्र खरिद गर्न सकिनेछ र सो दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिनमा खरिद गर्न सकिनेछ ।

३. गोप्य शिलबन्दी बोलपत्र दाखिला कार्य मिति २०८३/०५/१९ गते १२:०० बजे भित्रमा तथा तोकिएको म्याद भित्र जुनसुकै दिन यस समूहको कार्यालयमा गर्न सकिनेछ र बोलपत्र दाखिलाको दिन विदा परेमा कार्यालय खुलेको दिनमा तोकिएको समय भित्र दाखिला गर्न सकिनेछ ।

४. सकारकर्तालै सकार रकममा संकलन खर्च सूचना तथा बोलपत्रमा उल्लेख भए बमोजिम थप रकम बुझाउनु पर्नेछ ।

५. बोलपत्र दाखिला गर्दा काठ दाउरामा आधारित संचालनमा रहेको उद्यमको डिभिजन वन कार्यालयमा सूचीदर्ता प्रमाणपत्रको प्रतिलिपी, वन पैदावार कारोवार दर्ता प्रमाण पत्र, कारोबारको पान भ्याट दर्ता तथा नविकरण, करचुक्ता प्रमाण पत्र (नयाँको हकमा करचुक्ता नपर्ने) को प्रतिलिपीको साथमा बोलपत्रमा सकार मूल्यको १०% ले हुने रकम यस समूहको कृषि विकास बैंक लमही शाखा दाङ्गमा रहेको माथि उल्लेखित खातामा दाखिला गरेको सक्कलै भौचर वा बैंक जमानत/ ग्यारेन्टी संलग्न गर्नु पर्नेछ ।अन्यथा बोलपत्र मूल्याङ्कनमा समावेश गरिने छैन ।

६. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय भित्र घटगद्धी स्थलमा गई हेर्न सकिनेछ र सकार कर्तालै मालबस्तु जे / जो अवस्थामा छ, सोही अवस्थामा उठाई लैजानु पर्नेछ ।

७. रित पूर्वक पर्न आएको बोलपत्रहरु २०८३/०५/१९ गते दिनको २:०० बजे विदा पेरमा कार्यालय खुल्ने दिनमा उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय तथा स्थानिय तह, सरकारी कर्यालयको रोहवरमा खोलिनेछ ।

८. खोलिएका बोलपत्रहरु नियमानुसार मूल्याङ्कन गरी लिलाम स्वीकृत भई डिभिजन वन कार्यालय दाङ्ग(देउखुरी) बाट समर्थन प्राप्त भए पश्चात सोको जानकारी सम्बन्धित पक्षले सकार रकम, मूल्य अभिवृद्धी कर तथा संकलन खर्च ४५ दिन भित्र दाखिला गरी मालवस्तु उठाई लैजानु पर्नेछ ।अन्यथा नियमानुसार हुनेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिलाई हुनेछ ।

११. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

CamScanner